२०८१ कार्तिक १२ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ४ /२०८१/०८२

आज मिति २०८१ कार्तिक १२ गते सोमबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली — प्रशासन शाखा प्रमुख

श्री ठकेन्द्र खत्री — आर्थिक प्रशासन शाखा प्रमुख

२०८१ कार्तिक १२ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ४ /२०८१/०८२

प्रस्तावहरु:

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा ।

२. कार्यविधि निर्माण तथा निर्माण भएका कार्यविधि स्वीकृति ।

३. रेडियो प्रवर्द्धन तथा अनलाइन पत्रपत्रिका वजेट ।

४. वडा नं ३ मा फुटबल सञ्चालनको लागि वजेट व्यवस्थापन ।

५. वडा नं ६ पोधर्नामा फिल्ड मर्मतको बजेट व्यवस्थापन ।

६. अटो दर्ता सम्बन्धमा ।

७. राजस्व सुधार कार्य योजना निर्माण कार्यदल गठन सम्बन्धमां ।

८. न्याय तथा अधिकार संस्था नेपाललाई परियोजना सम्वन्धी अनुमती सम्बन्धमा।

९. सिस्ने १ भङ्गको खोपकेन्द्र निर्माणमा एचडिसी संग साझेधारीमा रकम व्यवस्थापन सम्वन्धमा ।

१०. लैस सास फोकल पर्सन तोक्ने र लैङ्गिक निति कार्यबिधि सम्बन्धमा

११. वडा नं ६ को छरिखोला पायपारा कृषि सडक मर्मत सम्वन्धमा ।

१२. कैचिमोडदेखि छिपृदह सडक मर्मत सम्बन्धमा ।

१३. वडा नं २ अन्तर्गत चुमैजा बगरमा आवतजावतको लागि काठको साङ्गो निर्माण सम्बन्धमा ।

१४. बन वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय कार्यन्वयन सम्बन्धमा ।

१५. वडा नं ५ को मैदानदेखि पुरानो विद्यालयसम्मको सडक मर्मत ।

१६. घरहरु अभिलेखिकरण सम्बन्धमा ।

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरु प्राय सवै कार्यान्वयन भएको पाइयो ।कार्यविधि निर्माण र कार्यान्वयनमा जोड दिने वडामा वाकी रहेका सवै ग्रामिण सडकहरु कार्तिक २३ गतेसम्म मर्मत गरिसक्ने ।

निर्णय नं. २,

रुकुमकोट पाहुना घर व्यवस्थापन संचालन सम्बन्धी कार्यबिधि २०८१ र निर्मित पर्यटकिय सम्पदा व्यवस्थापन तथा सञ्चालन कार्यबिधि २०८१ निर्माण गरी मंसिर मसान्त भित्र कार्यपालिकामा पेस गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट रुकुम (पूर्वी भाग)

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ कार्तिक १२ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ४ /२०८१/०८२

**निर्णय नं. ३,**

रेडियो प्रवद्धन तथा अनलाइन पत्रपत्रिका शिर्षकबाट विभिन्न कार्यक्रम तथा सुचना प्रशारणको लागि रेडियो पूर्वी रुकुमलाई ४००,००० अक्षरुपी चार लाख रेडियो रुक्मिणी लाई २००,००० अक्षरुपी दुईलाख र विभिन्न अनलाइन तथा पत्रपत्रिकाको लागि रु ४००,००० अक्षरुपी रु लाख वजेट खर्च गर्ने ।

**निर्णय नं. ४,**

वडा नं ३ मा संचालन भएको फुटबल प्रतियोगिताको लागि युवा विकास केन्द्रको शिर्षकबाट रु ५० हजार भुक्तानी दिने ।

**निर्णय नं. ५,**

वडा नं ६ को पोधर्नामा फिल्ड मर्मत तथा फिल्ड सरसफाईको लागि सडक मर्मत शिर्षकबाट प्राविधिक मुल्यांकन अनुसार अधिकतम रु ७४,००० चौहत्तर हजार नवढ्ने गरी भुक्तानी गर्ने ।

**निर्णय नं. ६,**

सिस्ने गाउँपालिकामा दर्ता गरी संचालनमा रहेका सम्पूर्ण अटो रिक्साहरु मंसिर मसान्तसम्म भित्र नविकरण गर्नको लागि सुचना प्रकाशन गर्ने ।

**निर्णय नं. ७,**

राजस्व सुधार कार्ययोजना निर्माण कार्यदल गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत श्री रेवत बहादुर बुढाथोकीको संयोजकत्वमा तपसिल बमोजिमको ६ सदस्यिय रहने गरि गठन गर्ने।

तपसिलः

| सि.नं. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | श्री रेवत बहादुर बुढाथोकी | संयोजक |
| २ | वडा अध्यक्ष वडा नं ५ | श्री विरेन्द्र बस्नेत | सदस्य |
| ३ | योजना शाखा प्रमुख | श्री अरुण कुमार ओली | सदस्य |
| ४ | आर्थिक प्रशासन शाखा | श्री टेकेन्द्र खत्री | सदस्य |
| ५ | वडा सचिव वडा नं ३ | श्री नरेश कुमार ओली | सदस्य |
| ६ | राजस्व इकाइ प्रमुख | श्री नवराज रावल | सदस्य सचिव |

**निर्णय नं. ८**

न्याय तथा अधिकार संस्था नेपाललाई सिस्ने गाउँपालिकामा परियोजना संचालन सम्बन्धी अनुमति दिने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ कार्तिक १२ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ४ /२०८१/०८२

निर्णय नं ९,

सिस्ने गाउँपालिका वडा नं १ को भडमा खोपकेन्द्र निर्माणको लागि एचडिसी संगको साझेदारीमा निर्माण गर्ने ।

निर्णय नं १०

लैस सासको फोकल पर्सन गाउँपालिका महिला तथा बालबालिका शाखामा कार्यरत श्री सुनिता खड्का लाई फोकल पर्सन तोक्ने र लैङ्गिक निति र कार्यविधि निर्माणको लागि नेपाल महिला सामुदायिक केन्द्रलाई अनुरोध गर्ने ।

निर्णय नं ११

वडा नं ६ को छरिखोला पायपारा कृषि सडक मर्मतको लागि प्राविधिक मुल्याङ्कन गरी सडक मर्मत शिर्षकबाट खर्च लेख्ने।

निर्णय नं १२

कैचिमोडदेखि छिपृदह बजार सम्म सडक मर्मतको भुक्तानी प्राविधिक मुल्याकंन अनुसार सडक मर्मत शिर्षकबाट खर्च लेख्ने ।

निर्णय नं १३

वडा नं २ को चुमैजा बगरमा नागरिकलाई आवतजावत समस्या भएकोले तत्काल आवतजावत गर्नको लागि काठको साघु निर्माण गरि प्राविधिक मुल्याकंन अनुसार विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं १४

वन वातावरण तथा विपद व्यवस्थापन समितिमा आएका विभिन्न समस्याहरु उपर छलफल गर्दा समितिको निर्णयानुसार रासन र नगद राहात गाउँपालिकाबाट दिने र ग्याबिन जालीको लागि जलस्रोत तथा सिचाई डिभिजन कार्यालय रुकुम पूर्वमा सिफरिस गर्ने र आपतकालिन कार्य संचालन केन्द्र तत्काल स्थापना गर्ने।

निर्णय नं १५

वडा नं ५ को मैदान डाडादेखि पुरानो विद्यालय सम्मको सडकमा तत्काल मर्मत गर्ने ।

निर्णय नं १६

घर अभिलेखिकरणको लागि मंसिर मसान्तसम्म म्याद थप गरि अभिलेखिकरण कार्य अघि बढाउने ।

निर्णय प्रमाणित

२०८१/०८/१२

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम पूर्वी भाग, नेपाल

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष